## महिलाको आङ खस्ने समस्या सम्बन्धि निशुल्क पांचौ स्वास्थ्य शिविर सम्पन्न :

गैरआवासीय नेपाली संघ महिला फोरम र नवजिवन अस्पतालको संयुक्त पहलमा नेपालको सुदरपश्चिम जिल्ला डोटिको दुई गाविस दौडमा ५ मार्च र तौलनीमा ६ मार्चका दिन महिलाको आङ खस्ने सम्बन्धि निशुल्क स्वास्थ्य शिविर र स्वास्थ्य सचेतना कार्यक्रम संचालन गरिएको थियो ।

यी संचालन गरिएका दुवै  कार्यक्रममा  महिला फोरमका संयोजक सपीला राजभण्डारी र महिला उपसंयोजक रजनी प्रधानले महिला फोरमका गतिविधि बारे जानकारी गराउनु भयो । नवजिवन अस्पतालका स्त्रि रोग विशेषज्ञ डा. जयराम केसीको टोलिमा रहेका ६ जना स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको थियो । उक्त टोलिले स्वास्थ्य परिक्षणका साथै पाठघर समस्याका बारेमा परामर्श सेवा प्रदान गर्नु भएको थियो ।




दौड गाविस र तौलनी गाविस स्वास्थ्य चौकिको सहयोगार्थ संचालन गरिएको यस शिविरमा दौड गाविसमा १०० र तौलनी गाविसमा २०० जना महिलाहरुको सहभागीता रहेको थियो । परिक्षण गर्न आएका प्रायजसो महिलाहरु चाहिने भन्दा कम तौल भएका र हाडजोर्नी दुख्ने समस्याबाट पिडित रहेको थिए । उनीहरुलाई चाहिने आवश्यक औषधिहरु निशुल्क रुपमा वितरण गरिएको थियो । दुवै शिविरमा परिक्षण गर्न आएका मध्ये पाठेघरको समस्या भएका ४२ जना महिलाहरुलाई शल्यक्रियाको लागि चयन गरियो ।



यी चयन गरिएका पाठेघर समस्याबाट पिडित महिलाहरुलाई आवश्यक परिक्षण पश्चात मार्च ८ र १० का दिन नवजिवन अस्पताल, धनगढीमा शल्यक्रिया गरिने छ । यस दौरान स्वास्थ्य शिविरमा परिक्षण गर्न आएको सबै महिलाहरुलाई गैरआवासीय नेपाली संघ महिला फोरमको स्वास्थ्य सफाइ सम्बन्धी कोसेली उपलब्ध गराईएको थियो ।




यस्तो महत्वपूर्ण कार्यक्रम संचालन गरि स्वास्थ्य सेवा प्रदान गरेकोमा त्यहांका गाविसका स्वास्थ्य चौकी, स्वयंम सेवक र गाउंका बासिन्दाहरुले गैरआवासीय नेपाली संघ प्रति आभार प्रकट गर्दै भविष्यमा पनि यस्तो सहयोगको अपेक्षा गरेका छन् ।

महिलाहरुका लागि निशुल्क स्वास्थ्य सम्बन्धी शिविरमा धनगढीमा स्थापित रहेको नवजिवन अस्पतालका चिकित्सक टोलीले सक्रिय रुपमा कार्य सम्पादन गरी महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । यस निशुल्क स्वास्थ्य शिविर टोलिमा स्त्रीरोग रोग विशेषज्ञ डा. जयराम के.सीको नेतृत्वमा ध्रुव ओझा लगायत ६ जना स्वास्थ्यकर्मीहरु, गैरआवासीय नेपाली संघ महिला फोरमका महिला संयोजक सपीला राजभण्डारी, महिला उपसंयोजक रजनी प्रधान र गैरआवासीय नेपाली संघ सचिवालयका प्रतिनिधि संगीता अवालेको सहभागीता रहेको थियो । यसै सन्दर्भमा गाविसका स्वास्थ्य चौकीहरु, नवजिवन अस्पताल, स्वास्थ्य कर्मीहरु, महिला स्वास्थ्य स्वयंमसेवकहरु, विभिन्न राष्ट्रिय समन्वय परिषदहरु, एनसिसिहरुका महिला संयोजकहरु र आर्थिक सहयोग गर्नु हुने सबै प्रायोजकहरुलाई गैरआवासीय नेपाली संघ महिला फोरम हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

## स्वास्थ्य सचेतना सम्बन्धि कार्यक्रम सम्पन्न :

गैरआवासीय नेपाली संघ महिला फोरमले निम्न विद्यालयहरुमा ५ र ६ मार्च २०१७ मा करिव ८०० विद्यार्थीहरुको लागि स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न गरियो :

- श्री जनता जनार्दन उच्च मा.वि, दौड गाविस, डोटी
- श्री भवानी मा.वि, तौलनी गाविस, डोटी
- श्री सरस्वती उच्च मा.वि, धनगढी, कैलाली
- श्री महिला तथा बालबालिका सेभ हाउस, अत्तरिया, कैलाली



यसमा स्वास्थ्य सचेतना सम्बन्धि जानकारी नवजिवन अस्पताका चिकित्सक डा. जयराम के.सी र स्वास्थ्यकर्मी ध्रुव ओभ्हाले दिनु भएको थियो । यसका साथै महिला विद्यार्थीहरुलाई महिनावारी र यसको अवस्था बारे जानकारी गराईएको थियो ।महिला फोरमका प्रतिनिधिहरु महिला संयोजक सपीला राजभण्डारी र उपसंयोजक रजनी प्रधानले गैरआवासीय नेपाली संघ महिला फोरमका गतिविधिहरु बारे जानकारी गराउनु भयो । यस कार्यक्रममा विद्यार्थीहरुलाई सफा रहौं, स्वस्थ्य बनौं भन्ने प्रतिबद्धताका साथ गैरआवासीय नेपाली संघ महिला फोरमको स्वस्च्छ कोसेली वितरण गरिएको थियो । उक्त कोसेलीमा व्यक्तिगत सरसफाईका लागि प्रयोग हुने - काइयो, मन्जन, दात माभ्हने ब्रस, नेलकटर, रुमाल, नुहाउने साबुन र महिलाहरुलाई थप स्यानेटरी प्याड राखिएको थियो ।







कार्यक्रममा सहभागी विद्यालयहरु, नवजिवन अस्पताल, सेती अंचल अस्पताल र विशेष गरी पूर्ण रुपमा आर्थिक सहयोग गर्ने एनसिसि जर्मनीलाई  गैरआवासीय नेपाली संघ महिला फोरम हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

गैरआवासीय नेपाली संघ महिला फोरम ।
मिति : २०७३।११।२५